नेपाल सरकार

# राष्ट्रपति चुरे-तराई मधेश संरक्षण बिकास समिति

खुमलटार ललितपुर

## स्नातक/स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुको लागि **इन्टर्नशिप (Internship)** प्रस्ताव आवेदन सम्बन्धी सूचना

प्रकाशित मितिः २०७६/०७/२६

यस समितिको आ.व. २०७६/७७ को स्वीकृत बार्षिक कार्यक्रम अन्तर्गत चुरे संरक्षण तथा व्यवस्थापन कार्यका लागि विद्यार्थिहरुलाई इन्टर्नशिप (Internship) निम्ति सहयोग गर्ने कार्यक्रम रहेकोले **राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिको इन्टर्नशिप गराउने सम्बन्धी कार्यविधि २०७५** (समितिको वेवसाइट www.chureboard.gov.np मा रहेको) अनुसार तपसिलका कागजात सहित यस समितिमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र आवेदन गर्नुहुन सूचित गरिन्छ ।

**तपसिल**

१) कार्यविधिको दफा ३.३ अनुसार विद्यार्थी अध्ययनरत अध्ययनरत विश्वविद्यालय/क्याम्पस/केन्द्रिय विभागको इन्टर्नशिप (Internship) को लागि तोकिएको सुपराभाईजरको नाम समेत उल्लेख गरिएको सिफारिश पत्र ।

२) कार्यविधिको परिच्छेद -२ मा उल्लेखित (क देखि ष सम्मका) विषयवस्तु समेटिएको अनुसूची ३ बमोजिमको ढाँचामा २ प्रति प्रस्ताव (प्रिन्ट) १ प्रति इ कपि ।

३) नागरीकताको छाँयाकपी ।

४) नतिजा प्रकाशन भएका अन्तिम दुइ सेमेष्टरको लब्धांकपत्रको छाँयाकपी ।

**विस्तृत जानकारीका लागि यस समितिको**
**वेवसाइट वा फोन नं. ०१५५३१३११/५५२६७७७ मा सम्पर्क गर्नु होला**

## इन्टर्नशिप गर्नुपर्ने बिषयहरु

क) विभिन्न प्रकारका वन व्यवस्थापन प्रणाली अनुसार चुरे, भावर, दुन र तराई मधेश क्षेत्रमा हुन सक्ने औसत वार्षिक वृद्धिदर (MAI)

ख) वन व्यवस्थापन प्रणाली सापेक्ष भू-क्षय दरसम्बन्धी कार्यमूलक अनुसन्धान

ग) व्यवस्थापन गरिएको नदी प्रणालीको थेग्रान (Deposition) को मात्रा र धमिलोपन सम्बन्धी कार्यमूलक अनुसन्धान

घ) गैर परम्परागत नदी किनारा संरक्षण प्रविधिसम्बन्धी

ङ) प्राकृतिक स्रोत र समुदायबीच अन्तर सम्बन्ध, जडिबुटी तथा गैह्रकाष्ठ प्रजातीको प्रयोग सम्बन्धि परम्परागत ज्ञान र निर्भरताबारे खोज तथा अभिलेखिकरण

च) खुला चरिचरन र बँधुवा पशुपालनबीच तुलनात्मक अध्ययन (आर्थिक, सामाजिक र वातावरणीय पक्ष)

छ) परम्परागत भिरालो खेती र खनजोत कम गर्नु पर्ने बहुवर्षीय खेती प्रणालीबीच तुलनात्मक अध्ययन ( आर्थिक, सामाजिक र वातावरणीय पक्ष)

ज) काँस, निगालो, बावियो तथा अन्य NTFPs/MAPs हरुको आर्थिक मूल्य वृद्धि सम्भाव्यता परीक्षण र प्रविधि विकास

झ) पहिरो नक्साङ्कन, वर्गीकरण र नियन्त्रण प्राथमिकता र प्रविधि

ञ) बाँस उत्पादन, मूल्य अभिवृद्धि र बजारीकरण

ट) संरक्षित प्रणाली बाहिरका वन्यजन्तुको अवस्था र संरक्षणका उपाय

ठ) मिचाहा वनस्पति प्रजातिको उपस्थिती, फैलावट, असर र नियन्त्रणका विधि

ड) संरक्षणकार्यबाट प्रभाव पर्ने वातावरणीय सेवासम्बन्धी आर्थिक मूल्याङ्कन

ढ) संरक्षित प्रणाली बाहिर रहेका संरक्षित वनस्पति प्रजातिहरुको अवस्था र संरक्षणका उपाय

ण) वनजन्य पदार्थमा आधारित उद्योग सम्भाव्यता अध्ययन

त) उपल्लो तटिय र तल्लो तटिय बिचको अन्तरसम्बन्ध सुदृढीकरण Mechanism र यसका फाईदा

थ) चुरे क्षेत्रमा हुने गरेको भूक्षय, भूक्षय Mechanism तथा भू संरक्षणका विभिन्न प्रविधि प्रभावकारिता

द) कृषि वन प्रणाली सम्बन्धी अध्ययन

ध) जैविक विविधता संरक्षण सम्बन्धि अध्ययन

न) चुरे क्षेत्रका नदी प्रणालीमा Geological, Hydrological तथा Metrological सम्बन्धि अध्ययन

प) भू-उपयोग र भू-छत्र सम्बन्धि अध्ययन

फ) ताल तलैया र तीनको अवस्था सम्बन्धि अध्ययन

ब) भूमिगत जलश्रोत र खोलानाला सम्बन्धि अध्ययन

भ) चुरे कार्यक्रमको बजेट र कार्यक्रम कार्यान्वयनको व्यवस्थापकिय पक्ष सम्बन्धि अध्ययन

म) जलवायू परिवर्तन तथा कार्वन मापन सम्बन्धि अध्ययन

य) चुरे क्षेत्रका समुदायमा आधारित वन व्यवस्थापन पद्धतिहरुमा सुशासनको अवस्था सम्बन्धि अध्ययन

र) चुरे संरक्षण कार्यक्रमहरुको सामाजिक र आर्थिक पक्षहरु सम्बन्धि

ल) सामुदायिक वन उपभोक्ता समिमितिहरुले सा.व.को संरक्षण र बढोत्तरीमा पारेको प्रभावको मूल्यांकन

व) चरिचरन नियन्त्रणका लागि बनेको समूहहरुको कार्यशैलीको प्रभावकारिता अध्ययन तथा मूल्यांकन

श) नदिजन्य पदार्थको अवस्था र क्रसर उद्योगहरु सम्बन्धि अध्ययन

ष) रामसार सिमसार र तालतलैया सम्बन्धि अध्ययन

अनुसूची : २

# आवेदन फारम

आवेदन गरेको शैक्षिक कार्यक्रम ..........................................................................................

इन्टर्नशिप (Internship) कर्ताको नाम : (देवनागरीलिपिमा) ..................................................

इन्टर्नशिप (Internship) कर्ताको नाम : (अंग्रेजीमा) ............................................................

जन्म मिति: ..............................

लिङ्ग पुरुष ☐ महिला ☐

विवाहित ☐ अविवाहित ☐

बाबुको नाम: ........................................ आमाको नाम: ...................................

सम्पर्क टेलिफोन नं ..................... मोबाइल नं ............................ इमेल: ...............................

स्थायी ठेगाना: ..................................................................................................................

इन्टर्नशिप (Internship) अनुसन्धानको शिर्षक: .................................................

अध्ययनरत क्याम्पस: ..................................................................................................

शैक्षिक योग्यता -माथिल्लो शैक्षिक योग्यता पहिलो क्रममा लेख्ने)

| अध्ययनको तह | अध्ययन गरेको संस्था | अध्ययन वर्ष/सेमेष्टर | प्राप्तांक प्रतिशत | मुख्य बिषय |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

सुपरिवेक्षण गर्नेको:

दस्तखत:

नाम थर:

पद:

मिति:

इन्टर्नशिप (Internship)कर्ताको:

दस्तखत:

नाम थर:

स्थायी ठेगाना:

नागरिकता नं.:

जारी गर्ने जिल्ला:

जारी मिति:

अनुसूची : ३

# इन्टर्नशिप (Internship) प्रस्तावको ढांचा

इन्टर्नशिप (Internship) प्रस्तावको ढांचा देहाय बमोजिम हुनुपर्ने छ ।

क) सामान्य विवरण
- १) शिर्षक
- २) औचित्यता
- ३) उदेश्य
- ४) सैद्धान्तिक ढांचा
- ५) अध्ययन/अनुसन्धान विधि

ख) कार्य योजना

ग) बजेट/खर्च बिवरण